जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० | अंक १८६ | २०७७ साल फागुन ११ गते मंगलबार (23 Feb. 2021 Tuesday) | मूल्य रु. ५/-

***Log on : rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ बाट लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- चौध वर्ष उमेर नपुगेका नावालकले गरेको हानी नोक्सानी वापत निजको बाबु आमाले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- पशुले गरेको हानि नोक्सानी वापत पशु धनिले क्षतिपूर्ति व्यहोर्नु पर्ने,
- फोहोर मैला वा कुनै वस्तु फालेको कारणबाट कसैलाई हानि, नोक्सानी भएको हानि, नोक्सानी भएकोमा सम्वन्धित घर मुलीले दायित्व व्यहार्नु पर्ने,
- कसैको सम्पत्तिमा अनधिकृत प्रवेश (ट्रेसपास) गरेको कारणले भएको हानि, नोक्सानी वापत अनधिकृत प्रवेश गर्ने व्यक्तिले दायित्व व्यहोर्नु पर्ने,
- त्रुटिपूर्ण उत्पादन गरी कुनै वस्तु वा सेवा विक्रि, वितरण गरेको कारण भएको क्षति वापत उत्पादकले दायित्व व्यहोर्नुपर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : भोजपुरी भाषा र संस्कृतिको ... ३ पृष्ठमा : प्रेस सङ्गठनले तोक्यो... ३ पृष्ठमा : कोरोना भाइरसबाट ...

# सप्तरीमा राष्ट्रिय परिचयपत्र बितरण कार्य सुरु

## हालसम्म २७ हजार डाटा इन्ट्री










**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

सप्तरीमा सोमबारदेखी राष्ट्रिय परिचयपत्र बितरण कार्य सुरु भएको छ । जिल्लामा सोमबारसम्ममा राष्ट्रिय परिचयपत्र अभियानका लागि २७ हजार ८ सय ६६ जनाको डाटा इन्ट्री भइसकेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय मातहतको राष्ट्रिय परिचय पत्र व्यवस्थापन कक्षद्वारा आयोजित एक कार्यक्रमबीच प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले पहिलो दिन १४ जनालाई राष्ट्रिय परिचय पत्र प्रदान गरेका छन् ।

सो अवसरमा प्रजिअ आचार्यले सरकारी सेवालाई छिटो छरितो र प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय परिचयपत्र योजना ल्याइएको भन्दै सप्तरीमा २०७६ साल असार १ गतेदेखी प्रारम्भ भएको जानकारी दिए ।

कोभिड १९ को जोखिमलाई ध्यानमा राख्दै २०७६ चैतदेखी २०७७ भदौंसम्म स्थगित भएको काम पुनः २०७७ असोजदेखी अघि बढाइएको उनले बताए ।

हाल परिचय पत्र बनाउने कामलाई तिब्र बनाइएको जानकारी दिँदै प्रजिअ आचार्यले जिल्लाको बलान बिहुल गाउँपालिकाको सबै ६ वडामा १६ र बोदेबरसाइन नगरपालिकाको सबै १० वटा वडामा ३७ वटा राष्ट्रिय परिचयपत्र व्यवस्थापन कक्षमा खटेको टोलीमार्फत नागरिकको विवरण संकलन र दर्ता कार्य भइरहेको जानकारी समेत दिए ।

हरेक नेपालीको जैविक तथा बैयत्तिक विवरणलाई सुरक्षित रुपमा भण्डारण गर्ने उद्देश्यले नेपाल सरकारले सो कार्य सुरु गरेको हो ।

# सरकारले निर्वाचन आयोग र सर्वोच्च अदालतलाई दवाव दिँदैन : उपप्रम पोखरेल

चितवन, १० फागुन (रासस) ।

उपप्रधानमन्त्री ईश्वर पोखरेलले निर्वाचनसँग सम्बन्धित सबै पक्ष निर्वाचनको तयारीमा जुटेको बताउनुभएको छ । भरतपुर विमानस्थलमा सोमबार पत्रकारसँग कुरा गर्दै उहाँले निर्वाचन आयोग र सुरक्षा निकाय निर्वाचनको तयारीमा लागेको तथा अर्थ मन्त्रालयले आवश्यक बजेट निकासा गरिसकेको जानकारी दिनुभयो ।

प्रतिनिधिसभा निर्वाचन निर्धारित समयमा नै हुने र यसमा आशङ्का गर्नुपर्ने कुनै कुरा नरहेको स्पष्ट गर्दै उहाँले भन्नुभयो, "निर्वाचन हुन्छ कि हुँदैन भनेर आशङ्का गर्नुपर्ने कामै छैन, बिल्कुल हुन्छ । निर्धारित समयमा नै हुन्छ ।" कहींकतै कोहीकोही व्यक्ति, पक्षहरूले निर्वाचन विरोधी कुरा गरे पनि ती सबै हास्यापद रहेको टिप्पणी उहाँले गर्नुभयो । उहाँले थप्नुभयो, "लोकतन्त्रमा विश्वास गर्ने, जनताको ताजा जनादेशबाट अगाडि बढ्न चाहने हरकोही यसका विपक्षमा उभिनुपर्ने आवश्यकता छैन । राजनीतिक दलहरू निर्वाचनमा जाने कुरा, जनताबाट अनुमोदित हुने कुरा त नमान्ने कुरै भएन ।" उपप्रधानमन्त्री पोखरेलले अहिले जसले जे भने पनि समय आएपछि सबै निर्वाचनमा सहभागी हुने विश्वास व्यक्त गर्नुभयो ।

अर्को एक प्रसङ्गमा नेपाल कम्युनिष्ट पार्टी(नेकपा) सचिवालय सदस्य पोखरेलले पार्टी एकताका समयमा भएको प्रबन्धका

*बाँकी अन्तिम पृष्ठमा*

# विहे प्रयोजनका लागि बन्द भएको विद्यालय सूचारु



**दैनिक समाचारदाता**
**राजविराज, १० फागुन ।**

सप्तरीको राजगढ गाउँपालिका २ स्थित खुबलाल जगरनाथ शक्ति आधारभुत विद्यालयमा विवाह प्रयोजनका लागि बन्द गराइएको विद्यालय सोमबारदेखी सुचारु भएको छ ।

गाउँकै रामकुमार मण्डलले छोरीको विवाहका लागि विद्यालय प्रयोग गर्न प्रस्ताव राखेका थिए । तर, प्रधानाध्यापक रबिन्द्र यादवले विद्यार्थीको पठनपाठन प्रभावित हुने भएकाले सो प्रस्ताव अस्विकार गरेपछि मण्डल र उनका आफन्तले शुक्रबार राती जबरजस्ती मूल गेटको ताला फुटाएर पण्डाल निर्माण गरेका थिए ।

यता विद्यार्थी, अभिभावक, विद्यालय र स्थानिय प्रशासनको हस्तक्षेपपछि विद्यालय परिसरमा गाडिएको टेन्ट, पण्डाल लगायतका सरसामानहरु हटाइएपछि सोमबारदेखी पठनपाठन सूचारु भएको छ ।

विद्यालयमा भोजभतेर, सभासम्मेलन र पठनपाठन नै अवरुद्ध हुने गरि कुनै क्रियाकलाप गर्नुहुन्न भनी सम्झाउँदा पनि मण्डलले नमानेको उनको भनाई छ ।

बिहेमा जबरजस्ती विद्यालय बन्द गराएको विषयमा निकै आलोचना भएपछि प्रअ यादवले यस विषयमा स्थानिय प्रशासनलाई समेत जानकारी गराएपछि सोमबार बिहानै प्रहरी, अभिभावक र विद्यार्थीको सहयोगमा विद्यालय परिसर खाली गराई पठनपाठन सूचारु भएको छ ।

यस्तै वडा अध्यक्ष ललित सिंहले भविष्यमा पठनपाठन नै अवरुद्ध हुने गरि विद्यालय

*बाँकी अन्तिम पृष्ठमा*




## सम्पादकीय ....

### खेलाडीका लागि छुट्टै अस्पताल आवश्यक

पछिल्लो समय अन्तर्राष्ट्रिय जगतमा नेपाली खेलाडीहरु चर्चामा रहने गरेका छन् । तर, खेलाडीको कदर जति हुनुपर्ने हो त्यति हुन सकेको छैन । खेलाडीहरु घाइते भए उनीहरुका लागि छुट्टै अस्पतालको निर्माण नहुँदा खेलाडीहरु मर्कामा पर्ने गरेका छन् । देशका लागि आफ्नो ज्यानको बाजी राखेर खेल्ने खेलाडीहरु घाइते हुँदा उपचारका लागि कहाँ जाने भन्ने प्रश्न खडा भएको छ ।

खेलाडीहरुका लागि छुट्टै अस्पताल बन्न नसक्दा निरुत्साहित बनेका मात्र हैन खेलाडीहरुले सरकारको ध्यानकर्षण नगराएका पनि होइनन् । सरकार खेलाडीका लागि छुट्टै अस्पताल बनाउने भन्दा पनि राष्ट्रिय खेलकुद परिषद् परिसरमा रहेको मेडिकल विभागलाई व्यवस्थित गरी खेलाडीको उपचारमा प्रयोग गर्ने सोच बनाएको छ । तत्कालका लागि सोही विभागमा जनशक्ति उपकरण थपेर प्रशिक्षणमा रहेका वा प्रतियोगिता खेल्दै गरेका घाइते खेलाडीको उपचारको व्यवस्था मिलाउन सरकार तयार रहेको छ ।

राम्रो खेलाडी उत्पादन गर्न पर्याप्त लगानी आवश्यक छ । स्वस्थ खेलाडीका लागि उपचारसँगै पोषण र अनुशासन पनि त्यत्तिकै जरुरी हुन्छ । त्यसैले यी सबै सुविधा उपलब्ध हुने खालको राष्ट्रिय स्तरको अस्पताल आवश्यक भएको छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# भोजपुरी भाषा र संस्कृतिको विकास हुन सकेन : मुख्यमन्त्री राउत

पर्सा, १० फागुन (रासस) ।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउत गद्दीले सरकारको प्राथमिकतामा नपरेको कारण भोजपुरी भाषाको अपेक्षित विकास हुन नसकेको बताउनुभएको छ । वीरगञ्जको गहवामा आइतबार आयोजित एक समारोहबीच भोजपुरी प्रतिष्ठानको भवन शिलान्यासका क्रममा मुख्यमन्त्री लालबाबु राउत गद्दीले लामो समयसम्म एउटै भाषा एउटै वेशको नीति राज्यले अङ्गीकार गरेको कारण अति नै समृद्ध मानिने भोजपुरीलगायत अन्य भाषाहरूको विकास हुन नसकेको तर्क गर्नुभयो ।

अन्तर्राष्ट्रिय मातृभाषा दिवसका अवसरमा भोजगरी प्रतिष्ठानको भवनको शिलान्यास गरिएको हो । करीब रु चार करोड लागतमा चार तले आधुनिक भवन बन्न लागेको हो । उहाँले नेपाल र सीमावर्ती भारतीय क्षेत्रमा गरी ३५ करोडभन्दा बढीले बोलचालमा प्रयोग गर्ने भोजपुरी भाषा अति नै समृद्ध भए पनि यसको विकासका लागि राज्यले देखाएको उदासीनताकै कारण भोजपुरीपछि पर्दै गएको बताउनुभयो ।

भोजपुरी भाषा र संस्कृतिको बृहत्तर विकासका लागि प्रदेश सरकारले निकट भविष्यमै प्रदेशस्तरी भोजपुरी प्रतिष्ठान गठन गरी आउने आर्थिक वर्षको नीति तथा कार्यक्रममा राखेर बजेटसमेत विनियोजन गर्ने मुख्यमन्त्री गद्दीले प्रतिबद्धता व्यक्त गर्नुभयो । सो अवसरमा प्रदेश नं २ का भौतिक निर्माण तथा पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलले राजन्त्रमा खस भाषाको मात्र विकासका लागि काम भए पनि मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि सबै भाषाहरूलाई विकास गर्ने वातावरण निर्माण हुँदै गएको बताउनुभयो ।

उहाँले अब प्रदेश र स्थानीय तहसमेतले आ-आफ्नै कामकाजको भाषा कायम गर्न सक्ने संविधानले नै अधिकार दिएको बताउनुभयो । भोजपुरी भाषा र संस्कृतिको विकासका लागि प्रदेश सरकारले कुनै कसर बाँकी नराख्ने र वीरगञ्जमा निर्माण हुन लागेको भोजपुरी प्रतिष्ठानको भवनका लागि सक्ने आर्थिक सहयोग गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भोजपुरी प्रतिष्ठानका संरक्षकसमेत रहेका वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख विजयकुमार सरावगीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रम्मा जनता समाजवादी पार्टी नेपालका नेता एवम् प्रतिनिधिसभा सदस्य लक्ष्मणलाल कर्ण, प्रतिनिधिसभा सदस्य प्रदीप यादव, नेपाल पत्रकार महासङ्घ प्रदेश नं २ का अध्यक्ष दीपेन्द्र चौहानलगायत वक्ताले भोजपुरी भाषालाई सरकारी कामकाजको भाषमा रूपमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा वीरगञ्जका नगरप्रमुख सरावगीले निकट भविष्यमै भोजपुरी भाषालाई वीरगञ्ज महानगरपालिकाले कामकाजको भाषा बनाउने र यसतर्फ गृहकार्य भइरहेको जानकारी दिनुभयो ।

# स्वदेशमै उत्कृष्ट उच्चशिक्षाको प्रवर्द्धन गरिँदै

काठमाडौँ, १० फागुन (रासस) ।

उच्चशिक्षाका लागि विदेशमा जान युवाहरू भौतारिने क्रम नरोकिएका बेला 'करियर प्वाइन्ट एजुकेसन सर्भिसेज' ले स्वदेशमै उत्कृष्ट उच्चशिक्षाको प्रवर्द्धन गर्न सोमबार दोस्रो 'करियर फेस्ट' नामक मेला आयोजना गर्दैछ ।

मेलामा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यलाय, पोखरा विश्वविद्यालय आदिबाट सम्बन्धनप्राप्त व्यवस्थापन र सूचना तथा सञ्चार प्रविधि विषयमा अध्यापन गर्ने कलेजका २० भन्दा बढी स्टल रहने तथा दुई हजार पाँच सय विद्यार्थीले अवलोकन गर्ने सो सर्भिसेजका प्रबन्ध निर्देशक विशाल केसीले आइतबार जारी गर्नुभएको विज्ञप्तिमा जनाइएको छ ।

कक्षा १२ पछि उच्चशिक्षामा के पढ्ने र कसरी, कुन क्षेत्रमा अगाडि बढ्ने भन्ने अन्योलमा रहेका विद्यार्थीलाई केन्द्रित गरेर राष्ट्रिय सभागृहमा 'नेपाल टिन लिडर्स' को सहयोगमा आयोजना हुने सो मेलामा विज्ञबाट परामर्श र अनुभव आदानप्रदान गराइने जनाइएको छ । सोही क्रममा विभिन्न कलेजले छात्रवृत्तिको सुविधा घोषणा गर्नेछन् ।

निर्देशक केसीका अनुसार मेलामा नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा, राष्टि्‌य युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेल, नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङ, नबील बैंकका नायब कार्यकारी निर्देशक मनोज ज्ञवाली, प्रस्तोताद्वय सृष्टि केसीसन्दीप क्षेत्रीलगायतले विद्यार्थीको अशल तथा व्यावसायिक भविष्यका लागि अभिप्रेरणामूलक प्रस्तुति दिने कार्यक्रम रहेको जनाइएको छ ।


## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसंग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरुलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# प्रेस सङ्गठनले तोक्यो जिम्मेवारी

काठमाडौं, १० फागुन (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को दाहाल नेपाल समूहको भ्रातृ सङ्गठन प्रेस सङ्गठन, नेपालको पदाधिकारी र प्रदेश कमिटी विस्तार गरिएको छ। गत पुस ६ मा सम्पन्न दोस्रो राष्ट्रिय भेलाको निर्देशनबमोजिम सङ्गठनको जिम्मेवारी हेरफेर गरिएको हो। सङ्गठनको संयोजकमा महेश्वर दाहाललाई जिम्मेवारी दिइएको छ भने सहसंयोजकमा विश्वमणि सुवेदी र विष्णु सापकोटा हुनुहुन्छ।

यस्तै महासचिवमा राजेश राईले जिम्मेवारी पाउँदा कार्यालय सदस्यहरूमा अमृतनाथ तिम्सिना, कमल गिरी, गङ्गा बराल, चमिना भट्टराई, देवराम यादव, ध्रुव बुढाथोकी, नरेन्द्र साउद, मनोज घर्तीमगर, मौसम रोकामगर, रामकुमार एलन, विवेक गौतम, सइन्द्र राई, सुरेशचन्द्र अधिकारी, सुरोजङ्ग पाण्डे, हेमकर्ण विक हुनुहुन्छ।

अनुशासन आयोगको संयोजकमा सन्तोष पौडेल र सहसंयोजकमा शिव ढुङ्गानालाई जिम्मेवारी दिइएको छ। लेखा आयोगमा संयोजक : भवानी कार्की र सहसंयोजकमा नरेन्द्र केसीलाई तोकिएको छ। त्यस्तै प्रदेश नं १ को इन्चार्जमा राजन केडी, सहइन्चार्जद्वयमा तीर्थ सिग्देल र स्मिता निरौला, संयोजक देवेन्द्र कार्की, सहसंयोजकत्रयमा एक्सन राई, मुक्ति पौडेल र भीम राईले जिम्मेवारी पाउँदा सचिवमा सुजन तिम्सिना तोकिनुभएको छ।

प्रदेश नं २ को इन्चार्जमा प्रकाश खतिवडा, सहइन्चार्जमा हीरालाल चौधरी, संयोजक किरण कर्ण, सहसंयोजकत्रयमा राघव शाह, विदुर खड्का र मदन ठाकुर, सचिवमा व्रिजलाल पासवान हुनुहुन्छ।

वाग्मती प्रदेशको इन्चार्जमा रामकुमार एलन, सहइन्चार्जहरूमा लक्ष्मण खड्का, शालिकराम नेपाल हुनुहुन्छ। यस्तै संयोजक सुनिल खड्का, सहसंयोजकत्रयमा रामकृष्ण थापा, नवीनकुमार खतिवडा र शान्ता अधिकारी तथा सचिवमा ध्रुव रायमाझीले जिम्मेवारी पाउनुभएको छ।

गण्डकी प्रदेशको इन्चार्जमा हरिनारायण गौतम, सहइन्चार्जत्रयमा त्रिभुवन पौडेल, श्रीराम सिग्देल र माधव पनेरु हुनुहुन्छ। यस्तै संयोजकमा अर्जुन काफ्ले र सहसंयोजकद्वयमा उर्मिला कुँवर र दीपक जलन तोकिँदा सचिवको जिम्मेवारी गणेश पौडेललाई दिइएको छ।

लुम्बिनी प्रदेशको इन्चार्जमा विकास बन्जाडे, सहइन्चार्जद्वयमा सुशील पोखरेल, गोविन्द शर्माले जिम्मेवारी पाउँदा संयोजकमा मानसिंह विक, सहसंयोजकत्रयमा रुद्रहरि कुँवर, वीरेन्द्र मिश्र र मेनका थापा चौधरी हुनुहुन्छ। सचिवमा भने नरेश केसीले जिम्मेवारी पाउनुभएको छ।

कर्णाली प्रदेशको इन्चार्जमा जीवन बिसी, सहइन्चार्जमा गोविन्ददेव भारती र देवीराम देवकोटा, संयोजकमा प्रतीक इच्छुक शर्मा, सहसंयोजकत्रयमा रमेश ऐडी, गणेशकञ्चन भारती र सुरजकुमार सिंह हुनुहुन्छ भने सचिवमा दीपक बुढा चयन हुनुभएको छ।

सुदूरपश्चिम प्रदेशको इन्चार्जमा रामसिंह ठगुन्ना, सहइन्चार्ज धर्मराज पाध्याय, संयोजक नवराज भण्डारी, सहसंयोजकद्वयमा मीनेन्द्र शाही र लीलाजङ्ग शाही तथा सचिवमा सम्राट सिंहलाई तोकिएको महासचिव राजेश राईले जानकारी दिनुभयो।

उपत्यका प्रदेशको इन्चार्जमा सुरोजङ्ग पाण्डे, सहइन्चार्जमा उपेश महर्जन, संयोजकमा नवराज दाहाल, सहसंयोजकद्वयमा उज्ज्वल पहाडी र सागर न्यौपाने, सचिवमा सबिन शर्माले जिम्मेवारी पाउनुभएको छ।

त्यस्तै प्रतिष्ठान प्रदेशको इन्चार्जमा विदुर खड्का सहइन्चार्जद्वयमा तेजप्रसाद वाग्ले र बुद्ध लोप्चन, संयोजक वीरेन्द्र ओली सहसंयोजकत्रयमा रघुनाथ बजगाईं, खेम बम र रामकुमार शाही तथा सचिवमा कृपा भण्डारीलाई तोकिएको छ।

एसोसिएट प्रदेशतर्फ इन्चार्जमा ध्रुव लम्साल, सहइन्चार्जद्वयमा केशवराज खनाल र बबिन शर्मा, संयोजक डब्बु क्षेत्री, सहसंयोजक नरेश न्यौपाने र सचिवमा रोयल आचार्यलाई तोकिएको छ।

सङ्गठनले संविधान विपरीत प्रतिनिधिसभाको विघटन गरिएको भन्दै आफ्नोतर्फबाट निरन्तर खबरदारी गर्नेसमेत जनाएको छ। यस्तै श्रमजीवी पत्रकारको हितका खातिर सङ्गठनले विभिन्न कार्यक्रम गर्नेसमेत जनाएको छ।

## अग्नीसाइर कृष्णासवरण गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सितापुर, सप्तरी

पत्र सख्या ०७७/०७८(योजना शाखा)
चलानी न: ११८

मिति : २०७७/११/१०

श्री वडा कार्यालय सवै,
अग्नीसांइर कृष्णासवरण गाउँपालिकाको कार्यालय सितापुर,सप्तरी

**विषय : उपभोक्ता समिति गठन गरि पठाई दिने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा अग्नीसाइर कृष्णासवरन गाउँपालिका को कार्यालय सितापुर को मिति २०७७/०३/०८ गते को गाउँसभाको बैठक बाट निर्णय भए बमोजीम गाउँपालिका स्तरीय योजना संचालन गर्नु पर्ने भएकोले तपसिल बमोजीमको मिति,स्थान र समयमा योजनाहरुको उपभोक्ता समिति गठन हुने भएकोले उक्त उपभोक्ता समिति गठनमा आ-आफनो वडामा हुने उपभोक्ता समिति गठनमा उपस्थिती भई सफल पारी दिन हुन सवैमा जानकारी को लागी अनुरोध छ।

**तपसिल**

| क.स. | योजनाको नाम | वडा न. | लागत रकम | मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|
| १. | तपेश्वरी थान निर्माण कार्य | वडा न.१ | १५,००,०००। | २०७७/११/१२ | १०.०० वजे | तपेश्वरी हटिया |
| २. | तपेश्वरी बजार स्तोरनती | वडा न.१ | १०,०००००। | २०७७/११/१२ | २.०० बजे | तपेश्वरी हटिया |
| ३. | वृद्धाश्रम जाने बाटो निर्माण | वडा न.१ | १५,००,०००। | २०७७/११/१३ | १०.०० बजे | तपेश्वरी हटिया |
| ४. | हनुमान मन्दिर निर्माण | वडा न.२ | ५,००,०००। | २०७७/११/१३ | २.०० बजे | हनुमान मन्दिरको प्राङ्गनमा |
| ५. | सृजना महिला कृषक समुहका भवन निर्माण | वडा न.३ | १५,००,०००। | २०७७/११/१४ | १०.०० बजे | सृजना महिला कृषक निर्माणधीन भवन |
| ६. | कजला दह पर्यटकीय जाने बाटो निर्माण | वडा न.४ | १८,००,०००। | २०७७/११/१४ | २.०० बजे | कजला दहको मन्दिर नजिक |
| ७. | बकधुवा सडकमा ग्राभेल | वडा न.५ | ५,००,०००। | २०७७/११/१५ | १०.०० बजे | ५न.वडा कार्यालय |
| ८. | अधुरो आर्युवेदिक भवन निर्माण | वडा न.६ | ५,००,०००। | २०७७/११/१५ | २.०० बजे | अधुरो आर्युवेदिक प्राङ्गनमा |
| ९. | महुली कम्पलेक्स निर्माण | महुली कम्पलेक्स | १५,००,०००। | २०७७/११/१६ | १०.०० बजे | महुली कम्पलेक्स मा |
| १०. | शिव मन्दिर निर्माण मोहनपुर | वडा न.६ | ५,००,०००। | २०७७/११/१६ | २.०० बजे | शिव मन्दिर प्राङ्गनमा |

धिरेन्द्र कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# विश्व समाचार

## कोरोना भाइरसबाट अमेरिकामा करिब पाँच लाखको मृत्यु

वासिङ्टन, १० फागुन (रासस/एएफपी)।
कोरोना भाइरस संक्रमणको शुरु भएदेखियता संयुक्त राज्य अमेरिका करिब पाँच लाख व्यक्तिको मृत्यु भएको छ। अमेरिकामा कोरोना भाइरसका कारण विश्वको तुलनामा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। 'हामीले सयौं वर्षयता इन्फ्लुएन्जाको महामारीपछि यति धेरै नागरिकको ज्यान गएको यो मात्र देखेका छौं' अमेरिकी राष्ट्रपति जो बिइडेनका प्रमुख चिकित्सा सल्लाहकार एन्थोनी फौसीले बताउनुभएको छ।

अमेरिकामा कोरोना भाइरसबाट चार लाख ९८ हजार जनाको मृत्यु भएको जोन हफ्किन्स विश्वविद्यालयले जानकारी दिएको छ। सन् २०२० फेब्रुअरीमा संयुक्त राज्य अमेरिकामा कोभिड-१९ बाट पहिलो व्यक्तिको मृत्यु घोषणा भएको थियो। एक वर्षपछि कोरोना भाइरसबाट मृत्यु हुने व्यक्तिको संख्या पाँच लाख पुगेको छ।

अमेरिकामा मृत्यु हुने संख्या पाँच लाख पार गर्ने क्रममा बाइडेनले भने कि उनीहरु संकटको कहिले समाधान हुन्छ भन्ने बारे दृढ भविष्यवाणी गर्न नचाहनु भएको बताइन्छ।

तर अमेरिकामा कोरोना भाइरसको खोप दिन थालिसकिएको छ। यहाँ अहिलेसम्ममा ६ करोड १० लाख जनाले यो खोप लगाइसकेका छन्। त्यसैगरी एक करोड ८० लाख जति नागरिकले भने यो खोपको पूरै मात्रा लगाएका पनि अमेरिकी औषधि विभागले जानकारी दिएको छ।

## पूर्वी मेक्सिकोमा सैनिक विमान दुर्घटनाग्रस्त, ६ सैनिकको मृत्यु

मेक्सिको सिटी, १० फागुन (रासस-सिन्ह्वा)।
मेक्सिको वायुसेवाको एउटा विमान भेराक्रुज राज्यमा आइतबार दुर्घटनाग्रस्त हुँदा कम्तीमा छ जना सैनिकको मृत्यु भएको छ।

मेक्सिकोको रक्षा मन्त्रालयका अनुसार उक्त दुर्घटना एमिलियानो जापाटा नगरपालिका क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो।

मन्त्रालयले जारी गरेको संक्षिप्त विज्ञप्तिमा एल लेन्सेरो विमानस्थलबाट आइतबार उड्नासाथ लियरजेट ४५ नामको उक्त विमान दुर्घटना भएको उल्लेख छ। सेनाले विमान दुर्घटनाका सम्बन्धमा छानबिन शुरु गरिसकेको जनाएको छ।

## भारतमा कोभिड-१९ संक्रमितको संख्या एक करोड १० नाघ्यो

नयाँदिल्ली, १० फागुन (रासस/सिन्ह्वा)।
भारतमा कोरोना भाइरस संक्रमितको संख्या आइतबारसम्म एक करोड १० लाख बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १४ हजार १९९ नयाँ संक्रमित फेला परेपछि कोरोना संक्रमितको संख्या एक करोड १० लाख ५ हजार ८५० पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जनाएको छ।

भारतमा गत २४ घण्टामा कोरोना संक्रमणको कारण ८३ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको संख्या एक लाख ५६ हजार ३८५ जना पुगेको छ।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ। सो दिनदेखि हालसम्म एक करोड भन्दा १० भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ।

मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड ६ लाख ९९ हजारभन्दा बढी व्यक्ति संक्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ५० हजार ५५ जना सक्रिय संक्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार १३० जना थप व्यक्तिमा कोरोना भाइरसका संक्रमण देखिएको छ। बिहीबार कोभिड १९ बाट दुई व्यक्तिको मृत्यु भएको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बुधबारसम्म देशभर २१ करोड १५ लाख ५१ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। बिहीबार एकै दिनमा मात्र छ लाख २० हजारभन्दा बढी व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको जनाइएको छ।

# सशस्त्र प्रहरीद्वारा लागुऔषधसहित तीन पक्राउ



दैनिक समाचारदाता
राजविराज, १० फागुन ।

सशस्त्र प्रहरीले सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका क्षेत्रबाट सोमबार तीन यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा मोरङ पथरीका २३ वर्षिय निर्मल परियार, २२ वर्षिय करन लिम्बु र २५ वर्षिय करन तामाङ रहेको सशस्त्र प्रहरीले जनाएको छ । भारतबाट झोलामा लागुऔषध बोकेर पैदल आउँदै गरेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको हो ।

गाउँपालिकास्थित बेल्ही भन्सार कार्यालय सुरक्षार्थ खटिएको सशस्त्र बरिष्ठ प्रहरी हवल्दार सन्तोष पासवान नेतृत्वको टोलीले चेकजाचका क्रममा पक्राउ परेकाहरुको साथबाट प्रतिबन्धित लागुऔषध फेनारगन सुई १०, डाइपाम सुई १० र लेजेसिक सुई ११ थान बरामद गरेको सशस्त्र प्रहरी बल नं. ६ हेडक्वाटर राजविराजका प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन् ।

पक्राउ परेकाहरुलाई तिलाठी प्रहरी चौकीमा बुझाई आवश्यक कारवाही प्रक्रिया सुरु गरिएको प्रहरी उपरिक्षक श्रेष्ठले जानकारी दिए ।

## सरकारले निर्वाचन...

आधारमा आयोगले पार्टीको आधिकारिकता टुङ्गो लगाउने विश्वास व्यक्त गर्नुभयो । प्रतिनिधिसभा विघटनको विषय सर्वोच्च अदालतबाट टुङ्गो लाग्ने जनाउँदै उहाँले फैसलाको प्रतीक्षा गर्नुपर्ने भनाइ राख्नुभयो । सरकारले आयोग र सर्वोच्च अदालतलाई कुनै किसिमको दवाव नदिने प्रष्ट पार्दै उहाँले भन्नुभयो "सरकारले कुनै दवाव दिँदैन । विधिसम्मत ढङ्गले काम अघि बढाउँछ ।"

## विहे प्रयोजनका ...

हाताभित्र कुनै पनि कार्यक्रम गर्न नदिने गरि वडा र गाउँपालिका कार्यालयबाट ठोस निर्णय गर्ने तयारी भइरहेको जनाएका छन् ।


**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**


# फोन गरेर यसरी पाउनुस् ऋण

काठमाडौँ, १० फागुन (रासस) ।

आफूलाई घरखर्च चलाउन वा कुनै व्यावसायिक काम गर्नका लागि तपाईंले बैंक तथा वित्तीय संस्थामा धाएर नै जानुपर्ने बाध्यताको अन्त्य भएको छ । एक कल फोन गरेको भरमा नै ऋण लिन पाइने सुविधा क्रमशः विस्तार हुँदै गएको छ । फोनबाट ऋण लिने सुविधाप्रति आकर्षण पनि पछिल्ला दिनमा उल्लेखनीय वृद्धि भएको छ ।

हाल 'फोन लोन'को सुविधा तीनवटा वाणिज्य बैंकले दिइरहेका छन् । हालसम्म नबिल बैंक, लक्ष्मी बैंक र कुमारी बैंकले फोनबाट ऋण लिन सकिने सुविधा दिएका छन् । नेपालमा पहिलोपटक शुरु भएको फोन लोनमार्फत सय दिनमा कूल एक हजारले ऋण लिएको पाइएको हो । निजी क्षेत्रको सेवाप्रदायक एफवान सफ्टले विकास गरेको फोन लोन सुविधामा बैंकिङ र कर्पोरेट क्षेत्रमा काम गर्ने व्यक्तिमा आकर्षण देखिएको हो ।

बैंकमा खाता भएका व्यक्तिहरूले आवश्यकताअनुसार ऋण मोबाइलबाट लिन सक्नेछन् । बैंकमा नियमित कारोवार गरेका र क्रेडिट हिस्ट्री राम्रो रहेका ग्राहकलाई यस्तो सुविधा प्रदान गरिएको सम्बन्धित बैंकले जनाएको छ ।

बैंकले रु दुई लाखसम्म ऋण दिने गरिएको छ । बैंकमा खाता भएका व्यक्तिले आफ्नो मोबाइल बैंकिङमार्फत निवेदन दिएको केही मिनेटमै ग्राहकको खातामा ऋण उपलब्ध हुन्छ । यसका लागि बैंकसम्म जानुपर्ने तथा धितो राख्नुपर्ने झन्झटसमेत हुँदैन । ऋण लिन इच्छुक ग्राहकले कुनै कागजी प्रक्रिया विना नै आफ्नो मोबाइल बैंक एपको प्रयोग गरी ऋणका लागि निवेदन दिन सक्ने छन् ।

विनाधितो, विनाकागजी प्रक्रिया तत्काल ऋण पाइने भएकाले यसमा आकर्षण निकै बढेको एफवान सफ्टका प्रमुख कार्यकारी अधिकृत सुवास शर्माले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "एफवान सफ्टले जहिले पनि आम मानिसको दैनिकीलाई सहज र सरल बनाउने किसिमका प्रविधिको निर्माण गर्दछ । यसै क्रममा हामीले फोनबाटै लोन लिन सकिने प्रविधिको विकास गर्‍यौं ।" यो सुविधामा अहिले बैंकमा आकर्षण निकै देखिएको छ । आगामी दिनमा अन्य बैंकहरूमा पनि यो सुविधा थप हुँदै जाने विश्वास लिइएको ढकालले जानकारी दिनुभयो ।

एफवान सफ्ट नेपालको डिजिटल वित्तीय सेवा कम्पनी हो । कम्पनीले वित्तीय क्षेत्रमा आवश्यक पर्ने सबैखाले प्रविधिको निर्माण गरेको छ । यस्तै एफवान सफ्टले इसेवा र फोनपे जस्ता मोबाइलमार्फत हुने भुक्तानीको विकास गरेको दाबी गरेको छ ।


# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**



**लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं**

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन

**भौतिक दूरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ

**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

तपाईंले अपनाउनु पर्ने सावधानीहरु



- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दूरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रूपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

साभार : विश्व स्वास्थ्य संगठन

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS Money Transfer Made Easy | Best Remit Quick & Easy | prabhu Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*